# राष्ट्रिय विकास समस्या समाधान समितिको ४४ औं बैठकका निर्णयहरु

१. योजना, वजेट र खर्च सम्वन्धी विषयमा संघ, प्रदेश र स्थानीय तहवीच सूचना आदान प्रदान नहुँदा कार्यक्रम तथा आयोजनाहरुको यथार्थ स्थिति विवरण प्राप्त हुन नसकेकोले योजना र बजेट सम्वन्धी विषयमा अन्तर प्रदेश परिषद्बाट निर्णय भएका विषयहरुको सम्वन्धित सवै निकायहरुले संघीयता कार्यान्वयन सहजीकरण कार्ययोजनाको समय सीमाभित्र कार्यान्वयन गर्ने ।

२. राष्ट्रिय नीति तथा कार्यक्रमले लिएको लक्ष्यहेरु प्राप्त गर्न संघ, प्रदेश र स्थानीय तहबाट कार्य भईरहेको तर ती कार्यको प्रगति स्थितिको विवरण एकीकृत रुपमा आउने संयन्त्र नभएकोले कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धित संघीय मन्त्रालय र प्रदेश सरकारको सम्बन्धित मन्त्रालयको समन्वयमा २०७५ चैत्र मसान्तभित्र कार्यक्रमहरुको अद्यावधिक स्थिति विवरण लिने प्रणालीको विकास गर्ने ।

३. बहुवर्षीय ठेक्का लागेका कार्यक्रम/आयोजनाहरुको हालसम्म सिर्जित दायित्वको एकमुष्ट यकिन तथ्याङ्क तयार गरी विषयगत मन्त्रालयहरुले २०७५ चैत्र मसान्तभित्र राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयलाई उपलव्ध गराउने ।

४. राष्ट्रिय गौरबको आयोजनाको रुपमा रहेको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल आयोजनाको लागि आवश्यक करिव ७ लाख घ.मि.माटो प्राप्त गर्न प्रदेश तहमा समेत कर तिर्नुपर्ने प्रावधानले आयोजना कार्यान्वयनमा समस्या परेकोले प्रदेश नं. ५ को सरकारले उक्त समस्या समाधानको लागि अविलम्व पहल गर्ने ।

५. काठमाडौ तराई/मधेस द्रुतमार्ग आयोजनाको लागि खोकना बुङमती क्षेत्रमा देखिएको जग्गा अधिग्रहण तथा मुआब्जा समस्या, त्यस क्षेत्रमा पुरातात्विक सम्पदाको अवस्थिति, एशियाली विकास बैकबाट प्रस्तावित सुरुङमार्गलाई परिवर्तन गरी नयाँ स्थानमा सुरुङ बनाउनुपर्ने विषय, द्रुतमार्ग निर्माणमा संलग्न सैनिकलाई खाजा तथा जोखिम भत्ता सम्वन्धी विषयलाई सम्वोधन गर्न राष्ट्रिय योजना आयोगको समन्वयमा रक्षा मन्त्रालयले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, अर्थ मन्त्रालय र गृह मन्त्रालयको सहकार्यमा अविलम्व समाधान गर्ने ।

६. स्वदेशी उद्योगबाट उत्पादित वस्तु तथा सेवाले बजार नपाउने र व्यापार घाटाको दर बढ्दै गई आर्थिक परिसूचकमा नकरात्मक असर पर्न गएकोले सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक

खरिद नियमावली, २०६४ मा रहेको प्रावधान बमोजिम सबै सार्वजनिक निकायहरुले स्वदेशी उद्योगबाट उत्पादित वस्तु तथा सेवाको उपयोगलाई प्राथमकिता दिदै संघ, प्रदेश र स्थानीय तहबाट स्वदेशी वस्तुको खरिद गर्ने र यस पक्षलाई आन्तरिक लेखापरीक्षण र अन्तिम लेखापरीक्षणको समयमा ध्यान दिने पद्धतिको विकास सार्वजनिक खरिद अनुगमन कार्यालयले अविलम्ब गर्ने ।

७. मालपोत कार्यालयहरुको स्रेस्ता सुधारको लागि बजेटको समस्या रहेकोले ती कार्यालयहरुले उठाउने गरेको रजिष्ट्रेशन सेवा शुल्कको रकम प्रदेश र स्थानीय तहमा पठाउने गरेकोले मालपोत स्रेस्ता सुधारको लागि आवश्यक पर्ने रकमको व्यवस्था सम्वन्धित प्रदेश सरकारले अविलम्व गर्ने।

८. खानी तथा भूगर्भ विभागबाट खानी रहेको भनी यकिन गरिएको वन क्षेत्रको जग्गामा खानी उत्खनन् कार्यमा उत्पन्न समस्या समाधान गर्न उक्त विभागबाट अन्वेषणात्मक कार्य गरी गुण र परिमाण यकिन गरिएको क्षेत्रलाई खानी क्षेत्र घोषणा गरी सो क्षेत्रमा वन पर्ने भए सोको भोगाधिकार खानी तथा भूगर्भ विभागलाई हस्तान्तरण गरी खनिज प्रयोगमा ल्याउने र खनिज उत्खनन कार्य सम्पन्न भएपछि पुर्नस्थापना गरी बनलाई हस्तान्तरण गर्ने गरी उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय र बन तथा वातावरण मन्त्रालयको सहकार्यमा निर्णय गर्ने ।